हेटौंडा उपमहानगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

हेटौंडा, मकवानपुर

बागमती प्रदेश, नेपाल

## मिति २०८२।०७।१९ गते बसेको ७४ औं कार्यपालिका बैठकका निर्णयहरु:

१) मिति २०८२/०६/२३ गतेको ७३ औं नगर कार्यपालिका बैठकबाट भएका निर्णयहरुको कार्यान्वयनका सम्बन्धमा समिक्षा गरियो ।

२) आर्थिक वर्ष २०८२/०८३ को मिति २०८२।०७।१८ गतेसम्म कुल अनुमान गरिएको आय तर्फ संघीय सरकारबाट प्राप्त अनुदान, प्रदेश सरकारबाट प्राप्त अनुदान र आन्तरिक श्रोत गरी १९.२७ प्रतिशत अर्थात रु.५५,९०,५१,३२८।३७ आम्दानी गरिएको र कुल अनुमान गरिएको व्यय तर्फ १३.५५ प्रतिशत अर्थात रु.३९,३२,६४,९८२।०० खर्च भएको आय व्ययको विवरण जानकारी भयो ।

३) आर्थिक विकास महाशाखाबाट पेश भएको हेटौंडा उपमहानगरपालिकाको 'घ' वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७५ को छैठौं संशोधन २०८२ को संशोधन स्वीकृत गर्ने ।

४) महिला, बालबालिका तथा समावेशीकरण महाशाखाबाट मिति २०८२।०५।०३ गते पेश भएको टिप्पणी बमोजिम मिति २०८२।०५।१५ गते हेटौंडा उपमहानगरपालिका बालबालिका सम्बन्धी ऐन, २०७७ (संशोधन २०७९) मा भएको दफा १४ को उपदफा (१) को खण्ड (ज) बमोजिम मिति २०८२।०५।१५ गते नगर प्रमुखज्यूबाट मनोनयन हुनु भएका बाल हेल्पलाइन, मकवानपुरका श्री झविन्द्र ज्ञवाली र माइती नेपालबाट श्री माया लामा तथा हेटौंडा उपमहानगरपालिका अपाङ्गता भएको व्यक्तिको परिचयपत्र वितरण सम्बन्धी कार्यविधि, २०७५ बमोजिम गठन भएको समन्वय समितिमा मिति २०८२।०५।०३ गते नगर प्रमुखज्यूबाट बुँदा नं. २ अन्तर्गतको महिला सदस्यमा श्री सानुमाया नेपाली, बुँदा नं. ३ अन्तर्गत हेटौंडा उपमहानगरपालिका वडा नं. ५ मा रहेको बालज्योती मा.वि.का शिक्षक (प्रधानाध्यापक) श्री भरत अर्याल र बुँदा नं. ४ अन्तर्गतको हेटौंडा उपमहानगरपालिकामा रहेको हेटौंडा अस्पतालका डाक्टर श्री हरी बहादुर खड्का र अपाङ्गताको क्षेत्रमा कार्यरत संघसंस्थाबाट अपाङ्गता भएका महिलाहरुको संस्थाको अध्यक्ष श्री सिता मल्ल ठकुरीलाई गरिएको मनोनयन अनुमोदन गर्ने ।

५) हेटौंडा उपमहानगरपालिकाद्वारा गत आर्थिक वर्ष २०८२ सालको जेष्ठमा जिल्ला विपद् व्यवस्थापन समितिको सहमति र अनुमतिमा उत्खनन्, संकलन र ढुवानी गरी घाटगद्दी गरेको नदीजन्य पदार्थको बागमती प्रदेश सरकारबाट जारी भएको आर्थिक ऐन, २०८२ र हेटौंडा उपमहानगरपालिकाबाट जारी भएको आर्थिक ऐन, २०८२ को व्यवस्था बमोजिम बोलपत्र आह्वान गर्ने तथा उक्त नदीजन्य पदार्थ घाटगद्दी गर्दा लागेको ढुवानी खर्च जिल्ला दररेट बमोजिम जम्मा प्रमाणित परिमाणको उत्खनन् ढुवानी बापतको प्रति घनमिटर रु.४।- र घाटगद्दी गर्दा नदीजन्य पदार्थ राखेको जग्गाको भाडा र हेरालु रकम व्यवस्थापन वापत प्रति घनमिटर रु.१।- थप गरी घाटगद्दी गरिएको नदीजन्य पदार्थको विक्री गर्न बोलपत्र आह्वान गर्ने राजस्व परामर्श समितिको सिफारिस समेतलाई आधार मानी प्रकृया अगाडि बढाउने ।

६) हेटौंडा उपमहानगरपालिकाभित्र स्थापना भई सञ्चालनमा रहेका बालुवा र क्रसर उद्योगहरुले वर्षौंदेखि नदीजन्य पदार्थको बक्यौता तिर्न बाँकी रहेकोमा कार्यालयबाट पटक पटक ताकेता गरी बक्यौता तिर्न आह्वान गरेकोमा अटेर गरी नतिरेको हुँदा बक्यौता बाँकी क्रसर र बालुवा उद्योगको नाम समेत राखी बक्यौता तिर्नका लागि राष्ट्रिय तथा स्थानीय पत्रिकामा ३५ दिनको सूचना प्रकाशन गर्ने र सो सूचनाको अवधि पश्चात पनि बक्यौता

नतिरेमा त्यसता क्रसर वा बालुवा उद्योगको चल, अचल सम्पत्ति रोक्का राख्नको लागि सम्बन्धित सरोकारवाला निकायमा पत्राचार गर्ने राजस्व परामर्श समितिको सिफारिस समेतलाई आधार मानी प्रकृया अगाडि बढाउने ।

७) नगर कार्यपालिकाको मिति २०८२।०६।२३ गतेको निर्णय नं. १० बाट उपमहानगरपालिकाको दैनिक फोहर संकलन र व्यवस्थापन सम्बन्धमा वातावरण तथा विपद् व्यवस्थापन समितिबाट मूल्याङ्कनका आधार सहितको कार्यक्षेत्रगत सर्त (TOR) तयार गरी पेश गर्न भएको निर्णय बमोजिम उक्त समितिबाट पेश भएको मूल्याङ्कनको आधार सहितको कार्यक्षेत्रगत सर्त (TOR) स्वीकृत गर्ने तथा फोहरमैला व्यवस्थापनको लागि राजस्व परामर्श समितिबाट मिति २०८२।०७।१६ गते वोलपत्र आह्वान गर्न सिफारिस गरेको न्यूनतम अंक रु.२५ लाख कायम गरी वोलपत्र प्रक्रिया अगाडि बढाउने ।

८) जिल्ला प्रशासन कार्यालय, मकवानपुरको च.नं ११८९ मिति २०८२।०६।३० गतेको पत्र, गृह मन्त्रालयको च.नं. २४७ मिति २०८२।०६।२४ र अर्थ मन्त्रालयको च.नं. ३७ मिति २०८२।०६।०८ गतेको निर्णय कार्यान्वय सम्बन्धी प्राप्त पत्रानुसार मिति २०८२।०५।२३ र २४ गते जेनजी आन्दोलनको क्रममा भएको आगजनी तथा तोडफोडबट भौतिक संरचना, सवारी साधन, अन्य साधन र मेशिनरी औजारमा गम्भिर क्षती भई पुनः प्रयोग गर्न नसकिने भएको हकमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १११ बमोजिमको मिनाहा समितिबाट पूर्ण रुपमा नष्ट भएका वा पुन प्रयोग गर्न नमिल्ने भनी हेटौंडा उपमहानगरपालिकाको क्षती मूल्याङ्कन समितिबाट सिफारिस भएका भौतिक संरचना, सवारी तथा अन्य साधन, मेशिनरी औजार उपकरण र सफ्टवेयर, फर्निचर आदि समेत दर्ता खारेजी र जिन्सी तथा सम्पत्ति अभिलेखबाट हटाई मिनाह गर्ने र त्यस्ता मिनाहा गरिएका जिन्सी तथा सम्पत्तिको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १०७ बमोजिमको समितिबाट पत्रु सम्पत्ति तथा जिन्सी मालसामनको रुपमा न्यूनतम लिलाम बिक्री मूल्य कायम गरी तीन दिनको सूचना प्रकाशन गरी लिलाम प्रक्रिया अगाडि बढाउने ।

९) हेटौंडा उपमहानगरपालिका वडा नं. ५ मा रहेको पुष्पलाल स्मृति पार्क सञ्चालनको लागि सार्वजनिक निजी अवधारणा अनुरुपम ब्रह्माकुमारी राजयोग सेवा केन्द्र मार्फत कार्यालयबाट व्यवस्थापन करार अन्तर्गत ५ वर्षको लागि सम्झौता गरी सञ्चालन गरिँदै आएकोमा उक्त समय २०८२ आषाढ मसान्तबाट समाप्त भएको हुँदा ५ वर्ष समावधि थपको लागि उक्त संस्थाद्वारा माग भई आएकोमा सामाजिक विकास महाशाखाबाट पेश भएको टिप्पणी बमोजिम सार्वजनि निजी साझेदारी अन्तर्गत व्यवस्थापन करारबाट उक्त पार्क सञ्चालन गर्ने गरी ब्रह्माकुमारी राजयोग सेवा केन्द्र हेटौंडालाई थप ५ वर्ष सम्झौता नवीकरण गरी सञ्चालन गर्न दिने ।

१०) जिल्ला मकवानपुर हेटौंडा उपमहानगरपालिका वडा नं. ५ स्थित भोला प्रसाद फुयालको नाममा दर्ता रहेको कि.नं. ३८६५ को ज.वि. ०-१-१३ जग्गा मध्येबाट ज.वि.०-०-१० जग्गा कैशिक ऋषी गणेश मन्दिर सहित सेवा सदन निर्माण गर्नका लागि फुयाल बन्धु समाजको नाममा जग्गा नमासारी गर्नका लागि लाग्ने राजस्व दस्तुर छुटको लागि सिफारिस माग भई आएको सन्दर्भमा सम्बन्धित वडा कार्यालयको सिफारिस तथा प्रदेश आर्थिक ऐनमा भएको व्यवस्था र अन्य प्रचलित कानून बमोजिम हुने गरी उक्त जग्गा नामसारीको लागि राजस्व दस्तुर छुटको लागि नियमानुसार बागमती प्रदेश सरकारको सम्बन्धित मन्त्रालय तथा निकायमा सिफारिस गर्ने।

११) मिति २०८२/०५/२३ र २४ गते देशव्यापी रुपमा भएको जेनजी आन्दोलनको क्रममा कार्यालयमा आगजनी र तोडफोड भई पुनः निर्माण (रिट्रोफिटिङ्ग) विद्युत सप्लाई सहित गर्नु पर्ने भएको हुँदा पुन निर्माण गर्न लाग्ने खर्च

सचिन थापा
(प्रबन्धक)

रकम यकिन गर्नका लागि पूर्वाधार विकास समिति मार्फत लागत अनुमान सहितको प्रक्रिया अगाडि बढाउने र नगर सभाबाट आवश्यक बजेट विनियोजन गर्ने ।

१२) मिति २०८२/०५/२३ र २४ गते देशव्यापी रुपमा भएको जेनजी आन्दोलनको क्रममा हेटौंडा उपमहानगरपालिका, अन्तर्गतका वडा कार्यालय, स्वास्थ्य संस्था लगायतका सेवा केन्द्रहरुमा तोडफोड र आगजनी भई उपमहानगरपालिकाको प्रशासनिक भवन, वडा कार्यालय, स्वास्थ्य संस्थाहरुको पुनः निर्माण गर्नु पर्ने भऐकोले मिति २०८२ साल आषाढ २७ गते स्वीकृत गरिएको रु.२ अर्व ९० करोड ३ लाख १० हजार आय-व्यय बजेट अनुमान बजेट तर्जुमा समिति मार्फत पुनरावलोकनको प्रस्ताव तयार पारी पेश गर्न मिति २०८२।०६।२३ गतेको नगर कार्यपालिका बैठकबाट भएको निर्णय बमोजिम हालसम्मको वजेट संशोधनको प्रगति बारे जानकारी भयो । साथै विषम परिस्थितिको अवस्थामा पुन निर्माण प्राथमिकतामा पर्ने र स्रोतको कमि हुने अवस्था समेतलाई आधार मानी बजेट तथा कार्यक्रम संशोधन गर्न छलफल भयो । वडालाई दिएको सिलिङ्ग बजेटबाट विनियोजित योजना तथा कार्यक्रमहरु नियमानुसार कार्य प्रक्रिया अगाडि बढाउन वडा कार्यालयलाई पत्राचार गर्ने ।

१३) मिति २०८२/०५/२३ र २४ गते देशव्यापी रुपमा भएको जेनजी आन्दोलनको क्रममा हेटौंडा उपमहानगरपालिका, अन्तर्गतका वडा कार्यालय, स्वास्थ्य संस्था लगायतका सेवा केन्द्रहरुमा तोडफोड र आगजनी भई उपमहानगरपालिकाको प्रशासनिक भवन, वडा कार्यालय, स्वास्थ्य संस्थाहरु तोडफोड तथा आगजनी गर्ने व्यक्तिहरुलाई प्राप्त/उपलब्ध प्रमाण तथा भिडियो सहित सम्बन्धित निकायमा कारवाही गर्नका लागि सिफारिस गर्ने ।

१४) सहरी विकास तथा भवन कार्यालय, मकवानपुरको च.नं. २०३ मिति २०८२/०५/०९ गतेको प्राप्त पत्रानुसार हेटौंडा उपमहानगरपालिकाको विभिन्न स्थानमा मौलिक पहिचान सहितको फाल्चा निर्माणको लागि देहायको स्थान छनौट गरी पठाउनेः

(क) हेटौंडा-५ कान्तिलोकपथ हाईवेसँग जोडिएको सानोपोखरा देखि क्याम्पाडाँडा सम्मको उपयुक्त स्थानमा,

(ख) हेटौंडा-६ चौघडाको उपयुक्त स्थानमा,

(ग) हेटौंडा-७, नागस्वतीको उपयुक्त स्थानमा ।

२०८२/७/२०

सविन न्यौपाने
प्रवक्ता
हेटौंडा उपमहानगरपालिका
नगर कार्यपालिका

मिति २०८२/०७/२०